# स्वेच्छिक राष्ट्रिय समीक्षा

## Voluntary National Review

### अभिमुखीकरण सम्बन्धी हातेपुस्तिका

गल्ली गल्ली
२०८०

यो हातेपुस्तिका दिगो विकास लक्ष्यहरुको प्रगति समीक्षाका लागि सहयोग पुऱ्याउने उद्देश्यले सरोकारवाला निकायहरुसँग व्यापक  छलफल,  बहस र सचेतनाका लागि प्रकाशन गरिएको हो। राष्ट्रिय, प्रादेशिक र स्थानिय तहका विभिन्न सरोकारवालाहरुलाई स्वेच्छिक राष्ट्रिय समीक्षाको अभिमुखीकरण गर्ने प्रयोजनका लागि यस पुस्तिकाको कुनै अंश वा पुरै भाग प्रयोग गर्नका लागि पूर्वः स्वीकृति आवश्यक पर्ने छैन।

स्वेच्छिक राष्ट्रिय समीक्षा सम्बन्धी अध्ययन, कार्यशाला सञ्चालन र हाते पुस्तिका प्रकाशन गर्न Global Partnership for Education (GPE)/Education Out Loud (EOL) मार्फत South Asia Assessment Alliance : Communicating and Collaborating for Change Project अन्तर्गत Street Child UK द्धारा सहयोग प्राप्त भएको हो।

लेखन : चिरन्जीवी भण्डारी
हातेपुस्तिका डिजाइनः आमोघ रत्न धाख्वा

प्रकाशन वर्ष : २०८०
प्रकाशक : गल्ली गल्ली / असर नेपाल

सर्वाधिकार : गल्ली गल्ली /असर नेपाल

# बिषय सूचि


| | |
|---|---|
| १. स्वेच्छिक राष्ट्रिय समीक्षा के हो ? | ५ |
| २. स्वेच्छिक राष्ट्रिय समीक्षाका सिद्धान्तहरू | ७ |
| ३. स्वेच्छिक राष्ट्रिय समीक्षामा सहभागिता | ८ |
| ४. स्वेच्छिक राष्ट्रिय समीक्षाका फाइदाहरू | ९ |
| ५. स्वेच्छिक राष्ट्रिय समीक्षा २०२४ का लागि उच्च स्तरिय राजनैतिक मञ्चको समय तालिका | १० |
| ६. स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) र नेपाल | ११ |
| ७. स्वेच्छिक राष्ट्रिय समीक्षामा नागरिक संघसंस्थाहरुको भूमिका | १३ |

# १. स्वेच्छिक राष्ट्रिय समीक्षा के हो ?

स्वेच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review) सन २०१५ मा घोषणा गरिएको दिगो विकास लक्ष्य र २०३० एजेण्डाको अनुगमन र समीक्षा गर्ने मुख्य विधि हो ।[1]

स्वेच्छिक राष्ट्रिय समीक्षालाई देशहरुले दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि गरेका प्रयासहरू र प्रगतिको पहिचान गर्ने एउटा महत्वपूर्ण तरिकाको रुपमा लिने गरिन्छ । यसको माध्यमबाट विभिन्न देशहरूले दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals) सहित २०३० एजेण्डा कार्यान्वयनको प्रगति मूल्याङ्कन र प्रस्तुत गर्दछन । यसको मुख्य अभिप्राय संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा सहभागि देशहरूको समग्र प्रगतिको अवस्था वा स्तर पहिचान गर्नका लागि सहयोग पुऱ्याउनु हो । स्वेच्छिक रुपमा गरिने यस प्रक्रियाले २०३० एजेण्डा र दिगो विकास लक्ष्यहरूका लागि सदस्य राष्ट्रहरूको सक्रिय सहभागिता, अनुभवहरू, चुनौतीहरू, र एजेण्डाका विभिन्न सूचकहरूलाई हासिल गर्ने क्रममा सिकेका सिकाईहरू आदानप्रदान गर्न प्रोत्साहित गर्दछ ।

यसका साथै स्वेच्छिक रुपमा गरिने यस समीक्षाले प्रत्येक सदस्य राष्ट्रका सरकारी संस्थाहरू र सार्वजनिक नीतिहरूलाई बलियो बनाउन र  विभिन्न सरोकारवाला संस्थाहरूँग सहकार्य र समर्थनका लागि अभिप्रेरित गर्दछ । त्यसैगरि समीक्षा र प्रगतिलाई नियमित र समयमै सञ्चालन गर्नाले २०३० एजेण्डालाई हासिल गर्नका लागि सहयोग पुग्दछ ।

स्वेच्छिक राष्ट्रिय समीक्षाको औपचारिक प्रतिवेदन संयुक्त राष्टसंघको उच्च स्तरीय राजनैतिक मञ्चमा प्रत्येक वर्ष जुलाई महिनामा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले स्वेच्छिक रुपमा प्रस्तुत गर्ने गर्दछन । यो प्रक्रिया देशको आफनै नेतृत्व र देशद्धारा सञ्चालित हुन्छन् । स्वेच्छिक राष्ट्रिय समीक्षाको प्रतिवेदन तयार गर्ने क्रममा प्रत्येक देशहरूले आफनो सरकार, योजना आयोग, विभिन्न मन्त्रालयहरू, तथ्याङ्क र विविध सूचना सङ्कलन गर्ने कार्यालयहरू र अन्य सम्बन्धित सरोकारवालाहरू सम्मिलित समावेशी र सहभागितामूलक छलफल, अन्तरक्रिया र परामर्श मार्फत तयार गर्ने गर्दछन । यसमा सरकारका सबै क्षेत्रहरू विशेषत मन्त्रालयहरू, विभागहरू, संसदका सदस्यहरू, नागरिक समाज, नीजि क्षेत्र, र अन्य संघसंस्थाहरू समावेश गराइनुपर्दछ ।

नेपालमा यसको तयारी र नेतृत्व राष्ट्रिय स्तरमा राष्ट्रिय योजना आयोगद्धारा गर्ने गरिएको छ । स्वेच्छिक राष्ट्रिय समीक्षाका विभिन्न चरणगत प्रक्रियामा संलग्नताको ढाँचा विभिन्न देश अनुसार फरक फरक हुन सक्दछ र प्रत्येक देशका सरकारहरूले यस सम्बन्धमा निर्णय गर्ने गर्दछन । एक पटक एक देशले समीक्षा गर्ने निर्णय गरेपछि निर्णय उक्त देशको संयुक्त राष्ट्रसंघ स्थित स्थायी प्रतिनिधि वा सम्बन्धित देशको आधिकारीक अधिकारीको पत्र मार्फत संयुक्त राष्टसंघको आर्थिक र सामाजिक परिषद् (Economic and Social Council) का अध्यक्षलाई सूचित गरिन्छ ।

Transforming our world: the 2030 Agenda for Sustainable Development प्रतिवद्धता पत्रको अनुच्छेद ७९ मा राष्ट्रिय स्तर र ८४ मा संयुक्त राष्ट्रसंघको आर्थिक र सामाजिक परिषद् अन्तर्गतको उच्च स्तरीय राजनीतिक


1 https://sustainabledevelopment.un.org/content/documents/17346Updated_Voluntary_Guidelines.pdf

मञ्च High Level Political Forum (HLPF) मा गरिने नियमित समीक्षाहरू स्वेच्छिक र स्वयम् सदस्य राष्ट्रहरूको नेतृत्वमा गरिनेछ भनिएको छ । त्यसैगरी यस्तो समीक्षालाई तयार गर्दा विकसित र विकासशील देशहरूद्वारा बहुसरोकारवाला पक्षहरूलाई संलग्न गराउनका लागि अपरिहार्यता रहेको समेत उल्लेख गरिएको छ[2] । स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन तयार गर्नका लागि आवश्यक मार्गदर्शन Voluntary common reporting guidelines for voluntary national reviews at the high-level political forum for sustainable development (HLPF) मा उल्लेख गरिएको छ ।

2 https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N15/291/89/PDF/N1529189.pdf?OpenElement


# २. स्वेच्छिक राष्टिय समीक्षाका सिद्धान्तहरु

- **स्वेच्छिक** : राष्ट्रिय समीक्षाले विकासशील र विकसीत देशहरु सवैलाई समेटदछ  र प्रत्येक राष्ट्रहरुलाई स्वत: स्फूर्त रुपमा प्रतिवेदनका लागि प्रोत्साहित गर्दछ ।
- **राष्ट्रको नेतृत्व** : प्रत्येक देशका सरकारको अग्रसरतामा राष्ट्रिय तथा प्रादेशिक तहमा दिगो विकास लक्ष्यहरुको प्रगति समीक्षा गरिनेछ ।
- **साझेदारीका लागि अवसर** : स्वेच्छिक राष्ट्रिय समीक्षामा दिगो विकास लक्ष्यसँग सम्बन्धित मुख्य समूहहरु र सरोकारवाला निकायहरु सहभागि हुनेछन् ।
- **सिकाई अनुभव** : स्वेच्छिक राष्ट्रिय समीक्षा प्रक्रिया कै रुपमा विभिन्न देशहरुले  अनुभवहरु, सफलता, चुनौतिहरु र सिकाईहरुको आद्वानप्रद्वान गर्नेछन् ।
- **राष्ट्रिय परिस्थिति** :  देशको विद्यमान परिस्थिति, ऐन, नियमहरु र प्राथमिकतालाई मध्ययनजर गर्दै राष्ट्रिय समीक्षा गरिनेछ ।
- **खुला समावेशी र पारदर्शी** : यो प्रक्रियाको बारेमा सबै सरोकारवालाहरुसँग खुला तवरबाट संवाद्वको सहजीकरण गरिनेछ ।



# ३. स्वेच्छिक राष्ट्रिय समीक्षामा सहभागिता

स्वेच्छिक राष्ट्रिय समीक्षा प्रत्येक सदस्य राष्ट्रले आफै नेतृत्व गर्दछ । सहभागिता र समावेशी प्रक्रिया मार्फत सदस्य राष्ट्रका सरकारहरुले प्रमुख समूहहरू र अन्य सरोकारवाला निकायहरुको सुनिश्चितता गर्नेछन् । यसमा मुख्यतया सवै क्षेत्रहरू, विभिन्न तहका सरकारहरू, नागरिक समाज, नीजिक्षेत्र, संसदका सदस्यहरू र अन्य संघसंस्थाहरू सहभागी हुनेछन् । त्यसैगरि संयुक्त राष्ट्रसंघमा हुने उच्च स्तरिय राजनैतिक मञ्चमा हुने छलफलमा प्रमुख समूहहरू र सरोकारवालाहरू समेत सहभागी हुनेछन् । केही देशहरुले राष्ट्रिय समीक्षा प्रस्तुतीकरणका लागि सहभागी टोलीमा योजना आयोग, सांसदहरू र सरकारका प्रतिनिधिहरुका अलावा, विद्धतवर्ग, नागरिक समाज, नीजि क्षेत्रहरुलाई समेत समावेश गरेको पाइन्छ ।



- सरकार
- योजना आयोग र अर्थमन्त्रालय
- मन्त्रालयहरू
- केन्द्रिय तंथ्यांक विभाग र अन्य निकायहरू

- संसद
- सुपरिवेक्षण निकायहरू
- महालेखापरिक्षक
- सवैधानिक निमायहरू र आयोगहरू

- राष्टिय सरोकारवालाहरू
- संयुक्त राष्टसंघीय विकास नियोगको टोली
- प्रादेशिक र स्थानीय सरकारहरू
- वैज्ञानिक र प्राविधिक समूहरुहरू
- प्राज्ञिक समूह
- टेड युनियन
- व्यवसाय र उद्योगिहरू
- गैरसरकारी संघसस्थाहरू
- विभिन्न जातजातिहरू र सिमान्तकृत समूहरू
- महिला, बालबालिका, ज्येष्ठ नागरिकहरू
- धार्मिक समुदायहरू र विभिन्न दातृसंघसस्थाहरू

दिगो विकास लक्ष्यहरू र २०३० एजेण्डाको विकास र अबलम्बनमा प्रमुख समूहहरू र अन्य सरोकारवालाहरू निकायहरुको भूमिका महत्वपूर्ण छ । दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि सहायता पुऱ्याउनका लागि प्रमुख समूह र अन्य सरोकारवालाहरू विभिन्न परियोजनाहरू, पहलहरू, वकालत, ज्ञान साझेदारी, र अनुगमन मार्फत सक्रिय रूपमा काम गरिरहेका छन् । यीनिहरुले प्राय: सरकार सहित अन्य क्षेत्रहरूसँग साझेदारीमा काम गर्ने गरेका छन ।  संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्यहरू अर्न्तगत स्वेच्छिक राष्ट्रिय समीक्षाका सर्न्दभमा उल्लेख गरेका मुख्य समूह र सरोकारवाला समूहहरू निम्नानुसार छन ।

| Major Groups (9) | Stakeholder Groups (12) |
|---|---|
| Business and Industry Major Group | Person with Disabilities Stakeholder Group |
| Major Group for Children and Youth | Volunteers Stakeholders Group |
| Farmers Major Group | Stakeholder Group on Ageing |
| Indigenous Peoples Major Group | Education and Academia Stakeholder Group |
| Local Authorities Major Group | Civil Society Financing for Development Group |
| Non-Governmental Organization Major Group | Sendai Group (Stakeholder Engagement Mechanism) |
| Scientific and Technological Community Major Group | Together 2030 |
| Women's Major Group | LGBTI Stakeholder Group |
| Workers and Trade Unions Major Group | Stakeholder Group for Communities Discriminated on Work and Descent |
| | Asia Pacific Regional CSO Engagement Mechanism |
| | Africa Regional CSO Engagement Mechanism |
| | ECE Regional CSO Engagement Mechanism |


# ४. स्वेच्छिक राष्ट्रिय समीक्षाका फाइदाहरू

समग्रतामा स्वेच्छिक राष्ट्रिय समीक्षाले अन्तराष्ट्रिय, राष्ट्रिय, प्रादेशिक र स्थानिय तहमा दिगो विकास लक्ष्यहरूको प्रगति र अवस्था बुझ्नका लागि सहयोग पुर्‍याँउदछ । दिगो विकास लक्ष्यको यथार्थतालाई थप प्रभावकारी बनाउनका लागि देशहरूका अलवा स्थानिय सरकारहरूले समेत स्वेच्छिक राष्ट्रिय समीक्षा गर्ने गरेका छन् । यसका प्रमुख फाइदाहरू यस प्रकार छन् ।

- **दिगो विकास लक्ष्यहरू सम्बन्धी राष्ट्रिय अपनत्व अभिवृद्धि**
- **समग्र प्रगति वा उपलब्धिको पारर्दशिता अभिवृद्धि**
- **दिगो विकास लक्ष्यहरूको प्रतिवेदनमा समावेशी र सहभागिताको सुनिश्चिता**
- **दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनमा सघाउ**

# ५. स्वेच्छिक राष्टिय समीक्षा २०२४ का लागि उच्च स्तरिय राजनैतिक मन्चको समयतालिका

उच्च स्तरिय राजनैतिक मञ्च दिगो विकास लक्ष्य र एजेण्डा २०३० को छलफलका लागि महत्वपूर्ण स्थान हो। दिगो विकास लक्ष्यहरुको प्रगति समीक्षा र कार्यान्वयनका लागि सहायता र थप उत्प्रेरणाका लागि यसको भूमिका महत्वपूर्ण छ। प्रत्येक सदस्य राष्ट्रहरुले दिगो विकास लक्ष्य र स्वेच्छिक राष्ट्रिय समीक्षाका लागि विभिन्न तहमा गृहकार्य गर्नका लागि मार्गदर्शन गर्दछ। उच्च स्तरिय राजनैतिक मञ्चमा प्रस्तुत हुने प्रतिवेदनका सम्बन्धमा आवश्यक गृहकार्य र समयावधि उल्लेख गरिएको छ।




सन् २०१६ देखि विभिन्न देशहरुले वार्षिक रुपमा स्वेच्छिक राष्ट्रिय समीक्षा प्रस्तुत गर्ने गरेका छन्। सन् २०१६ देखि सन् २०२३ सम्म र आगामी वर्ष २०२४ का लागि प्रतिवेदन प्रस्तुत गर्नका लागि स्वीकृत प्राप्त देशहरुको संख्या निम्नानुसार छ।

| बर्ष | जम्मा संख्या |
| --- | --- |
| २०२४ | ४३ वटा देशहरूले प्रस्तुतीका लागि स्वीकृती प्राप्त गरेका छन् । |
| २०२३ | ३९ |
| २०२२ | ४४ |
| २०२१ | ४२ |
| २०२० | ४७ |
| २०१९ | ४७ |
| २०१८ | ४६ |
| २०१७ | ४३ |
| २०१६ | २२ |

# ६. स्वैच्छिक राष्ट्रिय समीक्षा (VNR) र नेपाल

नेपालले हालसम्म सन् २०१७ र २०२० मा गरि दुई पटक स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन प्रस्तुत गरिसकेको छ । सन् २०२४ मा तेश्रो पटक राष्ट्रिय समीक्षा प्रतिवेदन प्रस्तुत गर्ने गरि गृहकार्य अगाडि बढाईएको छ ।

योजना आयोगका उपाध्यक्ष तथा नेपाली प्रतिनिधिमण्डलका प्रमुख माननीय डा. मीनबहादुर श्रेष्ठले सन २०१७ को जुलाई १७ मा दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक मञ्च (HLPF) मा नेपालको तर्फबाट स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) प्रस्तुत गर्नु भएको थियो ।[3] सन् २०१७ को स्वेच्छिक राष्ट्रिय समीक्षाको प्रतिवेदनमा नेपाल राजनैतिक र सामाजिक परिवर्तनका सन्दर्भमा उल्लेख्य प्रगति हासिल गरेको सन्दर्भ र संविधान सभा मार्फत संविधान जारी भएर तीन तहको सरकार कार्यन्वयनका लागि भएका प्रयासहरूलाई समेटदै सहश्राव्दी विकास लक्ष्यका सूचकहरूको प्राप्ति र दिगो विकास लक्ष्यहरूका लागि आधार तय गर्नका लागि सकारात्मक पहल भएको उल्लेख गरिएको छ ।

लचिलो, दिगो पूर्वाधार थप्नमा ध्यान केन्द्रित र दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि आवधिक योजनाहरूमा बजेट विनीयोजन र अन्य श्रोतहरुलाई प्राथमिकतामा राखेको उल्लेख गरिएको थियो[4] । नेपालको पहिलो स्वेच्छिक राष्ट्रिय समीक्षा गर्दा दिगो विकास लक्ष्यहरुलाई हासिल गर्न निजी क्षेत्र, सार्वजनिक क्षेत्र र नागरिक समाजसँग

3 https://hlpf.un.org/sites/default/files/vnrs/2021/16513Nepal.pdf
4 https://hlpf.un.org/sites/default/files/vnrs/2021/16513Nepal.pdf

आवश्यक सहकार्य, तथ्याङ्कको अभावका कारण अनुगमनमा देखिएका चुनौतीहरू, स्थानीय तहका विकास कार्यक्रमहरुमा दिगो विकास लक्ष्यका सूचकहरुको मूलप्रवाहिकरण, अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजनाहरू र रणनीतिहरुको पुनः अवलोकन र तथ्याङ्कहरुको अभाव र प्रगतिको अनुगमन र मूल्याङ्कनका लागि स्थानिय र प्रादेशिक तहमा आवश्यक क्षमता र प्रणालीको विकास गर्न आवश्यकता उल्लेख गरिएको थियो[5] । त्यसैगरी सन् २०२० को जुलाई १३ मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा नेपाली प्रतिनिधि मण्डलका प्रमुख माननीय डा पुष्प राज कंडेलले दिगो विकास सम्बन्धी उच्चस्तरीय राजनीतिक मन्च (HLPF) मा नेपालको दोश्रो स्वेच्छिक राष्ट्रिय समीक्षा (VNR) प्रस्तुत गर्नु भएको थियो ।[6] सन् २०२० को प्रतिवेदनले नेपालले राष्ट्रिय विकास ढाँचामा दिगो विकासका लक्ष्यहरूलाई मुलप्रवाहिकरण गरेको उल्लेख गरेको र पहिलो स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन देखि २०२० सम्म नेपाल सरकारले गरेका प्रयासहरू र प्राप्त उपलब्धिहरुलाई उल्लेख गरेको छ ।[7] नेपाल सरकारले प्रस्तुत गरेका उपलब्धिहरू र सिकाईहरुलाई स्वेच्छिक राष्ट्रिय समीक्षाका मुख्य सन्देशहरू[8], मुख्य प्रतिवेदन[9] मा समावेश गरिएको छ ।

नेपाल सरकारले सन् २०२४ को लागि तेश्रो स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन प्रस्तुतीका लागि संयुक्त राष्ट्रसंघको आर्थिक र सामाजिक परिषद्का अध्यक्ष समक्ष प्रस्तुत गरेको छ ।[10] नेपाल सरकारको तर्फबाट राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यहरुको उपलब्धी मुल्याङ्कन सम्बन्धी प्रतिवेदनमा आवश्यक गृहकार्य गरिरहेको छ । स्वेच्छिक राष्ट्रिय समीक्षा सम्बन्धी प्रगति प्रतिवेदनको मस्यौदा २०२४ प्रकाशन गरिसकेपछि योजना आयोगले श्रोत साधानको उपलब्धता र समयावधिको अनुकूलताका आधारमा छलफललाई व्यापक र सघन बनाउनका लागि विभिन्न प्रदेशहरू र स्थानिय तहमा समेत सरोकारवालाहरुसँग छलफल आयोजना गर्नेछ ।

## स्वेच्छिक राष्टिय समीक्षा तयारीका चरणहरु

- पहिलो — **शुरूवाती तयारी र व्यवस्थापन**
- दोश्रो — **सरोकारवालाहरू सहभागिता**
- तेश्रो — **स्वेच्छिक राष्टिय समीक्षा तयारी**
- चोथो — **उच्च स्तरीय राजनैतिक मन्चमा प्रस्तुतीका लागि तयारी**
- पाचौ — **स्वेच्छिक राष्ट्रिय समीक्षाको अनुगमन**

5 https://hlpf.un.org/sites/default/files/vnrs/2021/15896Nepal_Main_Message_HLPF_2017.pdf
6 https://hlpf.un.org/sites/default/files/vnrs/2021/24603CCF08062019.pdf
7 नेपाल दिगो विकास लक्ष्यहरू अवस्था र मार्गचित्र २०१६-२०३० (Nepal's Sustainable Development Goals Status and Roadmap: 2016-2030) https://www.npc.gov.np/images/category/SDGs_Report_Final.pdf
8 https://hlpf.un.org/sites/default/files/vnrs/2021/26208Main_Messages_Nepal.pdf
9 https://hlpf.un.org/sites/default/files/vnrs/2021/26541VNR_2020_Nepal_Report.pdf
10 https://hlpf.un.org/sites/default/files/vnrs/2023/VNR%202024%20Nepal%20Letter.pdf

# ७. स्वेच्छिक राष्ट्रिय समीक्षामा नागरिक संघसंस्थाहरूको भूमिका

सरकारले आफ्नो स्वेच्छिक राष्ट्रिय समीक्षा प्रक्रिया सञ्चालन गर्दा स्थानीय स्तरका सरोकारवालाहरूसँग परामर्श गर्न सक्दछ । त्यसका साथै केही नगरपालिकाहरूले २०३० एजेण्डा र दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको अनुगमन र समीक्षा गर्न आफ्नै स्वैच्छिक स्थानिय समीक्षा (Voluntary Local Review) गर्न थालेका छन् । त्यसका साथै प्रत्येक सदस्य राष्ट्रहरूलाई राष्ट्रिय स्तर र प्रादेशिक स्तरहरूमा प्रगतिको नियमित र समावेशी समीक्षा गर्न प्रोत्साहित गरिन्छ, जसलाई स्वैच्छिक राष्ट्रिय समीक्षा (VNR) भनिन्छ ।

स्वेच्छिक राष्ट्रिय समीक्षाले २०३० एजेण्डाको कार्यान्वयनलाई तीव्रता दिने उद्देश्यले सफलताहरू, चुनौतीहरू र सिकेका पाठहरू सहित अनुभवहरू साझेदारी गर्न अवसर प्रदान गर्दछ । एजेण्डा २०३० र दिगो विकास लक्ष्यलाई हासिल गर्नका लागि नेपालले SDG लाई आफ्नो राष्ट्रिय विकास ढाँचामा समाहित गरेको छ ।

दिगो विकास हासिल गर्नका लागि सरकारको एक्लो प्रयासबाट मात्र सम्भव हुदैन । यसका लागि सरकार, नीजि क्षेत्र, सार्वजनिक संघसंस्थाहरू, नागरिक समाज, समुदायमा आधारित विभिन्न संघसस्थाहरू र अन्य सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहन्छ । नागरिक समाज र अन्य सरोकारवाला निकायहरू योजना आयोग मार्फत हुने छलफल अर्न्तक्रियामा सहभागी हुने, मस्यौदा प्रतिवेदनमा राय सुझाव व्यक्त गर्नका साथै दिगो विकासका लक्ष्यहरू र सूचकमा केन्द्रित रहेर छुटै छलफल कार्यक्रमहरू आयोजना र प्रगति प्रतिवेदन प्रस्तुत समेत गर्न सक्दछन् ।

## स्वेच्छिक राष्ट्रिय समीक्षाको प्रक्रियामा नागरिक समुदायले के के गर्न सक्दछन् ?

- आफनो देशले स्वेच्छिक राष्ट्रिय समीक्षाका लागि आशय व्यक्त गरेको छ वा छैन पहिचान गर्ने ।
- स्वेच्छिक राष्ट्रिय समीक्षाको प्रक्रियामा नागरिक समाजको सहभागिता हुने संरचनाहरू र प्रक्रियाको निमार्ण भएको छ वा छैन यकिन गर्ने ।
- स्वेच्छिक राष्ट्रिय समीक्षाको बारेमा सरोकारवाला निकायहरू र नागरिक समाजका प्रतिनिधिहरूलाई सचेतना अभिवृद्धि गर्ने ।
- सरकारद्धारा आयोजना गरिएका छलफल, अन्तरक्रिया, परामर्शमा सहभागिता जनाउने र नागरिक समाजको स्तरमा समेत यस्ता खालका छलफल बहस आयोजना गर्ने ।
- सरकारले प्रकाशन गरेको स्वेच्छिक राष्ट्रिय समीक्षाको मस्यौद्राको अध्ययन गर्ने । मस्यौद्राको अध्ययन गर्ने क्रममा प्रतिवेदनले १७ वटा दिगो विकास लक्ष्यहरूलाई समेटेको छ वा छैन ? सरोकारवालाको सहभागिता कस्तो छ ? प्रतिवेदनको सारसंक्षेप उल्लेख गरिएको छ वा छैन ?
- दिगो विकास लक्ष्यहरू र एजेण्डा २०३० को मुख्य उद्देश्य कोही पछाडि नछुटोस भन्ने मान्यताअनुरूप सिमान्तकृत, अल्पसंख्यक लगायत विभिन्न समूहहरूलाई लक्षित गरिएको तुलनात्मक अवस्था प्रस्तुत गरिएको छ वा छैन भन्ने सुनिश्चितता गर्न सक्नेछन् ।
- नागरिक समुदायले आफनो विज्ञता र कार्यअनुभवका आधारमा सबै वा कुनै लक्ष्य, सूचक वा उपसूचकमा आधारित भएर स्वतन्त्र प्रतिवेदन समेत बुझाउन सक्नेछन् ।
- नागरिक समुदायको तर्फबाट छाँया प्रतिवेदनका लागि अन्य संघसंस्थाहरूसँग सहकार्य गर्न सक्नेछन । संयुक्त

राष्टसंघको उच्च स्तरीय राजनैतिक मन्च र क्षेत्रीय स्तरमा सहभागी हुन सक्नेछन् ।

- सरकारले उच्च स्तरीय राजनैतिक मन्च र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन भए नभएको अवस्था मुल्याङ्कन गर्न सक्नेछन् ।

मुख्यतया नागरिक संघसस्थाहरुको भूमिकालाई चारवटा क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

| कार्यक्षेत्रहरु | नागरिक संघसंस्थाहरुको भूमिका |
|---|---|
| पहिलो | सूचित र सशक्तिकरण : सचेतना, क्षमता अभिवृद्धि |
| दोश्रो | सहभागिता र संलग्नता |
| तेश्रो | क्रियाकलापहरु : छलफल, बहस, अभियान र कार्यक्रमहरु |
| चौथो | अध्ययन अनुसन्धान, प्रकाशन र अनुगमन र मुल्याङ्कन |

यसका अलावा स्वेच्छिक राष्ट्रिय समीक्षामा नागरिक संघसंस्थाहरु गर्ने गतिविधिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- सरोकारवालाहरुको पहिचान र नियमित सहकार्य
- प्रादेशिक र स्थानीय तहमा अभिमुखीकरण र सचेतना अभिवृद्धि
- राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा क्षमता अभिवृद्धि
- विभिन्न तहमा बैठक, छलफल र सञ्जाल निमार्ण
- पैरवी, वकालत र नीति संवाद
- अनुसन्धान र प्रकाशन
- सन्र्दभीकरण र स्थानियकरण
- राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय स्तरमा सहभागीता र छलफल

***पुनश्च : शिक्षाको क्षेत्रमा क्रियाशील नागरिक संघसंस्थाहरुले दिगो विकास लक्ष्य ४ सँग सम्बन्धीत रहेर विभिन्न सूचकहरु र उपसूचकका लागि आवश्यक तंथ्याङ्कहरुको सङ्कलन गरेर गैह्रसरकारी संस्था महासंघ, योजना आयोग, संयुक्त राष्ट्रसंघका विभिन्न निकायहरु, राष्ट्रिय, क्षेत्रीय मन्चहरु र उच्च स्तरीय राजनैतिक मन्चमा छाया प्रतिवेदन प्रस्तुत गर्नका लागि आवश्यक गृहकार्य गर्न सक्दछन् । दिगो विकास लक्ष्य ४ का लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगले संशोधन गरि अद्यावधिक गरेको सूचकहरुको सूचि अनुसूचि २ मा उल्लेख गरिएको छ ।***

# अनुसूचि १
# १.७ दिगो विकास लक्ष्य के हो ?

- दिगो विकास लक्ष्यको मुल नारा कसैलाई पनि पछाडि नछाड्ने Leave No one Behind रहेको छ ।
- १७ वटा लक्ष्यहरू १५ वर्षमा पुरा गर्ने गर्न विश्वव्यापी रूपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरि यसको प्रगति मुल्याङ्कन गर्नका लागि २३२ वटा सूचकहरू तयार गरिएको छ ।
- नेपालमा राष्ट्रिय योजना आयोगले देशको वस्तुगत यथार्थतालाई मध्यनजर गर्दै २३२ दोहोरिएका समेत विश्वव्यापी सूचकहरू र २४७ वटा सूचकहरू थप गरेर ४७९ वटा सूचकहरू निर्धारण गरेको छ ।

## दिगो विकासका ५ स्तम्भहरु



# दिगो विकास लक्ष्यहरु

## (Sustainable Development Goals)

१. सबै ठाँउबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्व जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।
४. सवैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने ।
५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई  सशक्त बनाउने ।
६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७. सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पँहुच सुनिश्चित गर्ने
८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामका प्रबर्धन गर्ने ।
९. उत्थानशिल पूर्वाधारको निमार्ण, समावेशी र दिगो औधोगिकरणको प्रवर्द्धन र नविन खोजलाई प्रोत्साहन गर्ने ।
१०. मुलूक भित्र तथा मुलुकहरुवीचको असमानता घटाउने
११. शहर तथा मानव बसोवासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।
१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने ।
१४. दिगो विकासका लागि महासागर, समुन्द्र र समुन्द्री साधन स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने ।
१५. स्थलीय पर्यावरणको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।
१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सवै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।
१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यन्वयनका लागि श्रोत साधन सुदृढ गर्ने ।

# Annex-2

दिगो विकास लक्ष्य ४ : .सवैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।

दिगो विकास लक्ष्य ४ अन्तर्गत नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा प्रस्तुत गर्ने अन्तराष्ट्रिय र राष्ट्रिय सूचकहरू यँहा प्रस्तुत गरिएको छ ।

**Table 4: SDG 4 - Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all**

| Ind_Code | Targets and Indicators | | 2015 | 2019 | 2022 | 2025 | 2030 | Monitoring Framework | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Sources of Data | Level of Disaggregation | Frequency | Responsible Agency (Reporting) | Responsible Agency (Data) |
| **Target 4.1** By 2030, ensure that all girls and boys complete free, equitable and quality primary and secondary education leading to relevant and effective learning outcomes | | | | | | | | | | | | |
| C040101 | 4.1.1 | Proportion of children and young people: (a) in grades 2/3; (b) at the end of primary; and (c) at the end of lower secondary achieving at least a minimum proficiency level in (i) reading and (ii) mathematics, by sex | | | | | | | | | | |
| N04010101 | 1 | Net enrolment rate (NER) in primary education (%) | 96.6a | 98.5 | 99 | 99 | 99.5 | EMIS, NMICS, NLSS, NPHC | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, 5 years | MoEST | MoEST,NSO |
| N04010102 | 2 | Primary completion rate (%) | 80.6a | 90.7 | 93.1 | 95.5 | 99.5 | EMIS | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010103 | 3 | Proportion of pupils enrolled in grade one who reach grade eight (%) | 76.6a | 81.5 | 92 | 93 | 95 | EMIS | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010104 | 4 | Ratio of girls (to boys) enrolled in grade one who reach grade eight | 1.04 a | 1.03 | 1.02 | 1.01 | 1 | EMIS | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010105 | 5 | Ratio of girls (to boys) enrolled in grade one who reach grade twelve | 1.1a | 1.04 | 1.03 | 1.02 | 1 | EMIS | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010106 | 6 | Learning Achievement / Score (Math) for Class 5 (%) | 53.3 | 55 | 58 | 63 | 65 | EMIS/ NASA | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010107 | 7 | Learning Achievement / Score (Nepali) for Class 5 (%) | 63 | 66 | 70 | 72 | 75 | EMIS/ NASA | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010108 | 8 | Learning Achievement / Score (English) for Class 5 (%) | 53.6 | 57 | 60 | 63 | 68 | EMIS/ NASA | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |
| N04010109 | 9 | Gross Enrollment rate in secondary education (grade 9 to 12) (%) | 56.7a | 72 | 90 | 95 | 99 | EMIS | Rural/Urban, Province, Local Level, Sex, Social Group | Annual, | MoEST | MoEST |

| Ind_Code | Targets and Indicators | | 2015 | 2019 | 2022 | 2025 | 2030 | Monitoring Framework | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Sources of Data | Level of Disaggregation | Frequency | Responsible Agency (Reporting) | Responsible Agency (Data) |
| **Target 4.2** By 2030, ensure that all girls and boys have access to quality early childhood development, care and pre-primary education so that they are ready for primary education | | | | | | | | | | | | |
| C040201 | 4.2.1 | Proportion of children under 24-59 months of age who are developmentally on track in health, learning and psychosocial well-being, by sex | | | | | | | | | | |
| C040202 | 4.2.2 | Participation rate in organized learning (one year before the official primary entry age), by sex | | | | | | | | | | |
| N04020201 | 1 | Coverage of child grant for pre-primary education (number in '000) | 506c | 596 | 620 | 650 | 700 | EMIS | Province, Gender | Annual | MoEST | MoEST |
| N04020202 | 2 | Attendance to early childhood education (Gross Enrollment) (%) | 81a | 85.8 | 89.4 | 93 | 99 | EMIS | Subnational | Annual | MoEST | MoEST |
| **Target 4.3** By 2030, ensure equal access for all women and men to affordable and quality technical, vocational and tertiary education, including university | | | | | | | | | | | | |
| C040301 | 4.3.1 | Participation rate of youth and adults in formal and non-formal education and training in the previous 12 months, by sex | | | | | | | | | | |
| N04030101 | 1 | Ratio of girls enrollment in technical and vocational education | 0.53g | 0.66 | 0.75 | 0.84 | 1 | EMIS, NPHC | Province, Local Level | Annual, 10 years | MoEST | MoEST, NSO |
| N04030102 | 2 | Ratio of girls enrollment in tertiary education (graduate level) | 0.88g | 0.91 | 0.94 | 0.96 | 1 | EMIS, NLSS | Province, Local Level | Annual, 5 years | MoEST | MoEST, NSO |
| N04030103 | 3 | Scholarship coverage (% of total students) | 37c | 38.3 | 39.3 | 40.3 | 42 | EMIS | Province, Local Level, Sex | Annual | MoEST | MoEST |
| **Target 4.4** By 2030, increase the number of youth and adults who have relevant skills, including technical and vocational skills, for employment, decent jobs and entrepreneurship | | | | | | | | | | | | |
| C040401 | 4.4.1 | Proportion of youth and adults with information and communications technology (ICT) skills, by type of skill | | | | | | | | | | |
| N04040101 | 1 | Youth & adults with technical & vocational training (number in '000,annual) | 50b | 165 | 300 | 350 | 480 | EMIS, NPHC | Province, Local Level | Annual | MoEST | MoEST,NSO |
| N04040102 | 2 | Working age population with technical and vocational training (%) | 25i | 38 | 48 | 58 | 75 | EMIS, NPHC | Province, Local Level | Annual | MoEST | MoEST,NSO |
| **Target 4.5** By 2030, eliminate gender disparities in education and ensure equal access | | | | | | | | | | | | |
| C040501 | 4.5.1 | Parity indices (female/male, rural/urban, bottom/top wealth quintile and others such as disability status, indigenous peoples and conflict-affected, as data become available) for all education indicators on this list that can be disaggregated | | | | | | | | | | |
| N04050101 | 1 | Gender parity index (GPI) in Enrolment (primary school) | 1.02a | 1.01 | 1.01 | 1.01 | 1 | EMIS | Rural/Urban, Province, Local Level | Annual | MoEST | MoEST |
| N04050102 | 2 | Gender Parity Index (GPI) n Enrolment (secondary school) | 1a | 1 | 1 | 1 | 1 | EMIS | Rural/Urban, Province, Local Level | Annual | MoEST | MoEST |
| N04050103 | 3 | Gender Parity Index (GPI) based on literacy (above 15 years) | 0.62a | 0.72 | 0.8 | 0.87 | 1 | EMIS, NLSS, NLFS | Rural/Urban, Province, Local Level | Annual, 5 years | MoEST, NSO | MoEST, NSO |

| Ind_Code | Targets and Indicators | | 2015 | 2019 | 2022 | 2025 | 2030 | Monitoring Framework | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Sources of Data | Level of Disaggregation | Frequency | Responsible Agency (Reporting) | Responsible Agency (Data) |
| **Target 4.6** By 2030, ensure that all youth and at least 95 per cent of adults, both men and women, achieve literacy and numeracy | | | | | | | | | | | | |
| C040601 | 4.6.1 | Proportion of population in a given age group achieving at least a fixed level of proficiency in functional (a) literacy and (b) numeracy skills, by sex | | | | | | | | | | |
| N04060101 | 1 | Literacy rate of 15-24 years old (%) | 88.6c | 91.4 | 95 | 98 | 99 | NPHC, NLSS, NLFS | Rural/Urban, Province, Local Level, Sex, Social Group | 5,10 years | MoEST | MoEST, NSO |
| N04060102 | 2 | Literacy rate of 15-24 years old (women) (%) | 87.4b | 90.5 | 92.8 | 95.1 | 99 | NPHC, NLSS, NLFS | Rural/Urban, Province, Local Level, Social Group | 5,10 years | MoEST | MoEST, NSO |
| N04060103 | 5 | Public spending per student (Basic education in '000) | 15c | 19 | 22 | 25 | 30 | EMIS | Rural/Urban, Province, Local Level | Annual | MoEST | MoEST, NSO |
| **Target 4.7** By 2030, ensure that all learners acquire the knowledge and skills needed to promote sustainable development, including, among others, through education for sustainable development and sustainable lifestyles, human rights, gender equality, promotion of a culture of peace and non-violence, global citizenship and appreciation of cultural diversity and of culture's contribution to sustainable development | | | | | | | | | | | | |
| C040701 | 4.7.1 | Extent to which (i) global citizenship education and (ii) education for sustainable development, including gender equality and human rights, are mainstreamed at all levels in: (a) national education policies; (b) curricula; (c) teacher education; and (d) student assessment | | | | | | | | | | |
| N04070101 | 1 | Human assets index | 66.6e | 68.9 | 70.5 | 72.2 | 76 | Trinneial Review | Province | 3 years | NPC | NPC, UNDP |
| N04070102 | 2 | Gender development index | 0.53f | 0.58 | 0.61 | 0.64 | 0.7 | HDR, NHDR | Province | Annual, 4 years | NPC | NPC, UNDP |
| **Target 4.a** Build and upgrade education facilities that are child, disability and gender sensitive and provide safe, non-violent, inclusive and effective learning environments for all | | | | | | | | | | | | |
| C040a01 | 4.a.1 Proportion of schools offering basic services, by type of services. | | | | | | | | | | | |
| N040a0101 | 1 | Schools with access to electricity (%) | 40 | .- | 60 | 75 | 99 | EMIS, NPHC | Rural/Urban, Province, Local Level | Annual, 10 years | MoEST | MoEST, NSO |
| N040a0102 | 2 | Schools with access to internet (%) | 3.9c | 28.6 | 47.2 | 65.8 | 99 | EMIS, NPHC | Rural/Urban, Province, Local Level | Annual, 10 years | MoEST | MoEST, NSO |
| N040a0103 | 3 | Basic schools with access to "WASH" facilities (%) | 80j | 85 | 88.3 | 91.9 | 99 | EMIS, NPHC, NWASH MIS | Rural/Urban, Province, Local Level | Annual, 10 years | MoEST | MoEST, NSO |
| N040a0104 | 4 | Disability friendly schools (%) | | | 40 | 65 | 99 | EMIS, NPHC | Rural/Urban, Province, Local Level | Annual, 10 years | MoEST | MoEST, NSO |
| **Target 4.b** By 2020, expand globally the number of scholarships available to developing countries, in particular least developed countries, small island developing States and African countries, for enrolment in higher education, including vocational training and information and communications technology, technical, engineering and scientific programmes, in developed countries and other developing countries | | | | | | | | | | | | |

| Ind_Code | Targets and Indicators | | 2015 | 2019 | 2022 | 2025 | 2030 | Monitoring Framework | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Sources of Data | Level of Disaggregation | Frequency | Responsible Agency (Reporting) | Responsible Agency (Data) |
| C040b01 | 4.b.1 | Volume of official development assistance flows for scholarships by sector and type of study | | | | | | | | | | |
| **Target 4.c** By 2030, substantially increase the supply of qualified teachers, including through international cooperation for teacher training in developing countries, especially least developed countries and small island developing States | | | | | | | | | | | | |
| C040c01 | 4.c.1 | Proportion of teachers with the minimum required qualifications by education level | | | | | | | | | | |
| N040c0101 | 1 | Proportion of teachers in basic education who have received at least the minimum organized teacher training, (%) | 95.5a | 96.5 | 97.5 | 98.4 | 100 | EMIS | Rural/Urban, Province, Local Level | Annual | MoEST | MoEST |
| N040c0102 | 2 | Proportion of teachers in secondary education who have received at least the minimum organized teacher training, (%) | 95.4a | 96 | 97 | 98.5 | 100 | EMIS | Rural/Urban, Province, Local Level | Annual | MoEST | MoEST |

**Sources: a: MoEST (2016a), b: NPC (2016), c: MoF (2016), d: NSO (2013), e: UNDESA (2015), f: UNDP (2014), g: UGC (2015), h: Discussion based on MoEST, i : MoEST (2015), j: MoEST (2016b).**